२०८२ असार ०९ कार्यपालिका बैठक कक्ष बैठक संख्याः १८/२०८१/०८२

आज मिति २०८२ असार ०९ गते सोमबारका दिन सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

*तपसिलः*

| | | |
|---|---|---|
| [signature] | श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री रेवत बहादुर बुढाथोकी | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

*अन्य उपस्थितिः*

श्री अरुण कुमार ओली प्रशासन शाखा प्रमुख

श्री कमल ओली आर्थिक प्रशासन शाखा प्रमुख

CamScanner

२०८२ असार ०९ कार्यपालिका बैठक कक्ष बैठक संख्याः १८/२०८१/०८२

प्रस्तावहरुः

१. गत कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनको समिक्षा
२. सिस्ने गाउँपालिकाको आर्थिक विधेयक, २०८२ स्वीकृत
३. सिस्ने गाउँपालिकाको विनियोजन विधेयक, २०८२ स्वीकृत
४. आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम स्वीकृत
५. विषयगत समितिको प्रतिवेदन सभामा पेश
६. नगर प्रहरी जवान भर्ना
७. तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
८. सभामा पेश गर्ने ऐन नियम कानुन
९. पालिका अन्तर्गतका सम्पूर्ण करार कर्मचारीको सेवा सुविधा
१०. कमल दह परिसरमा फोटो खिच्ने अनुमती
११. स्थानीय मौलिक कला संस्कृति संरक्षण शिर्षकको खर्च

**निर्णय नं. १,**

गत कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

सबै निर्णयहरु कार्यान्वयन भएको पाइयो ।

**निर्णय नं. २,**

राजस्व परामर्श समितिले पेश गरेको सिस्ने गाउँपालिकाको आर्थिक विधेयक, २०८२ स्वीकृत गरी अनुमोदनको लागि गाउँसभामा पेश गर्ने ।

**निर्णय नं. ३,**

बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री गोपाल रेउलेले पेश गरेको सिस्ने गाउँपालिकाको विनियोजन विधेयक, २०८२ स्वीकृत गरी अनुमोदनको लागि गाउँसभामा पेश गर्ने ।

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

CamScanner

निर्णय नं. ४,

बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री गोपाल रेउलेले पेश गरेको सिस्ने गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम स्वीकृत गरी अनुमोदनको लागि गाउँसभामा पेश गर्ने ।

निर्णय नं. ५,

विषयगत समितिका प्रतिवेदन उपर छलफल गरी समितिका संयोजकले अनुमोदनका लागि गाउँ सभामा पेश गर्ने ।

निर्णय नं. ६,

गाउँपालिकामा पालिकाको नगर प्रहरी सम्बन्धी ऐन तथा कार्यविधि अनुसार भर्ना प्रक्रिया अगाडि बढाउन पालिकामा थप तीन जना नगर प्रहरी जवान (दुई जना खुला, एक महिला) भर्ना गर्न सिस्ने गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को दफा ३ उपदफा १ को खण्ड (ख) मा रहेको संख्या संशोधन गरी (ख) नगर प्रहरी जवान सहायक स्तर- ६ जना कायम गर्ने।

निर्णय नं. ७,

गाउँपालिकाको कार्यालयको तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२ असार २७ गते शुक्रवार दिनको १:०० बजे गाउँपालिकाको सभाहलमा सञ्चालन गर्ने ।

निर्णय नं. ८,

निम्न बमोजिमकाको कानुन निर्माण गरी कार्यपालिका हुँदै गाउँसभामा पारितको लागि पेश गर्ने गरी देहाय बमोजिमका निकायलाई जिम्मा दिने ।

विधेयक समिति

प्रशासन शाखा प्रमुख

कानुन सहायक

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

सिस्ने गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
हुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

२०८२ असार ०९ कार्यपालिका बैठक कक्ष बैठक संख्या: १८/२०८१/०८२

सम्बन्धित शाखा/इकाई प्रमुख

तयार गर्नुपर्ने कानुनहरु:

१. भाङ्गोको रेसा तथा गेडा उत्पादन तथा वितरण कार्यविधि
२. नदीजन्य पदार्थ गिट्टि वालुवा उत्खनन तथा वितरण कार्यविधि
३. आप्रवासन नीति
४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन

निर्णय नं. ९,

पालिका अन्तर्गतका पालिकाको स्रोतबाट सेवा सुविधा प्राप्त गर्ने सम्पूर्ण करार कर्मचारीको सेवा सुविधामा प्रति व्यक्ति मासिक सेवा सुविधामा रु.१०००।– अक्षरेपी एक हजार रुपैया मात्र वृद्धि गर्ने । अनुमोदनको लागि सभामा पेश गर्ने ।

निर्णय नं. १०,

कमल दह परिसरमा फोटो खिच्ने देहायको आधारमा वडा नं. ५ को वडा कार्यालयले अनुमती प्रदान गर्ने ।

**वार्षिक शुल्क:** प्रतिव्यक्ति प्रति क्यामेरा रु. १००००।– अक्षरेपी दस हजार रुपैया मात्र ।
**अनुमती प्रदान गर्ने व्यक्ति संख्या अधिकतम:** १२ जना
**फोटो खिच्ने समय:** विहान ६ बजे देखि साझ ६ बजे सम्म
फोटो खिच्ने व्यक्तिले वडाको अनुमती पत्र र फोटो खिचे वापत लिने रकम दर अनिवार्य साथमा राख्नुपर्नेछ ।
वार्षिक शुल्क वडा नं ५ को वडा कार्यालयमा अग्रिम बुझाउनु पर्नेछ ।
दर्ता गर्ने समय: असार १५ देखि असार मसान्त सम्म ।

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुकमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

निर्णय नं. ११,

स्थानीय मौलिक कला संस्कृति संरक्षण शिर्षकको देहाय बमोजिमको रकम तपसिल बमोजिमका स्थानीय कला संस्कृतिलाई प्रोत्साहन स्वरुप प्रदान गर्ने ।

तपसिल:

| क्र.स. | कला संस्कृति | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सिंगारु नाच | सिस्ने-१ | ४०,०००।- | |
| २ | पैसेरु नाच | सिस्ने-२ | ४०,०००।- | |
| ३ | सिंगारु नाच | सिस्ने-३ | ४०,०००।- | |
| ४ | मयूँर नाच | सिस्ने-४ | ४०,०००।- | |
| ५ | पञ्चे वाजा समूह | सिस्ने-५ | ३०,०००।- | |
| ६ | पञ्चे वाजा समूह | सिस्ने-६ | ३०,०००।- | |
| ७ | सिंगारु नाच | सिस्ने-७ | ४०,०००।- | |
| ८ | मयूँर नाच | सिस्ने-८ | ४०,०००।- | |

निर्णय प्रमाणित

२०८२/३/९

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

CamScanner